नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तम्घास गुल्मी

फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
noticeboard 1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं ०७५/०७६
च.नं.

## जिल्ला प्रशासन कार्यालय गुल्मीको
## अत्यन्त जरुरी सुचना !

कानून बमोजिम लिनुपर्ने इजाजत नलिइ वा इजाजत पत्र नवीकरण नगराइ वा इजाजत प्राप्त व्यक्तिको मृत्यु पश्चात हकवालाको नाममा नामसारी नगराई वा अन्य जुनसुकै तरिकाले जिल्ला भित्र कोही कसैले हातहतियार र खरखजाना राखेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन २०७६ बैशाख ५ गते भित्र आफूलाई पायक पर्ने नजिकको जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, प्रहरी चौकी वा नेपाली सेनाको व्यारेक वा सशस्त्र प्रहरी बल नेपालको कार्यालयमा अनिवार्य रुपमा बुझाउनु हुन नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५।११।२८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । यसरी हातहतियार र खरखजाना बुझाउन ल्याएमा यस अघि ती अवैध हातहतियार र खरखजाना राखेको कारणले मात्र त्यस्ता व्यक्तिलाई कुनै कानूनी कारवाही नचलाईने हुँदा तोकिएको समयभित्र अवैध हातहतियार तथा खरखजाना अनिवार्य रुपमा बुझाउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि इजाजत प्राप्त नगरी आफूसँग रहेका हातहतियार खरखजाना तोकिएको अवधिभित्र स्वेच्छाले नबुझाएमा त्यस्ता व्यक्ति उपर प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

अनुरोधक
जिल्ला प्रशासन कार्यालय, गुल्मी